हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ६६ पृष्ठ : ४ २०७७ असोज ३ गते शनिबार (Saturday 19 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




• शनिबार विशेष •

# हरायो पशुपालन, घट्यो कृषि उब्जनी







दशकअघि सम्म दुई सय भन्दा बढी वस्तुभाउले गोठ भरिभराउ हुन्थ्यो । दुधालु गाई र भैसी नै २५ भन्दा बढी । घरमा दुध र दुग्धजन्य घ्यू, दही, मोही, खुवा अटुट हुन्थ्यो । परपाहुनाको स्वागत दुध, दही, मोहीबाट हुन्थ्यो । वस्तुभाउ चरनका लागि दुई ठाउँमा कामत नै राखिएको थियो । ब्रगेल्ती वस्तुभाउ हेरालु ।

त्यही पशुपालन अहिले विगत बन्यो । गोठ हेरेर चित्त बुझाउँछन् सिरहा सखुवानन्कारकट्टी गाउँपालिका–२ सोठियाइनका ८१ वर्षीय बालकृष्ण यादव । सोठियाइन कामतमा अहिले पनि दुई गोठ छँदैछ । तर गोठमा भरिभराउ वस्तुभाउ छैनन् । त्यत्ति ठूलो दुई गोठमा दुई वटा दुधालु गाई बचेका छन् 'दुमो' । दशकअघि सम्म घरपुग्ने परपाहुनालाई दुधले स्वागत गर्थे । तर अहिले उनी कालो चियाले स्वागत गर्छन ।

विगत सम्झदै मैथिलीमा उनले भने, 'अखुन ओइ जमाना नइरहलै, गाय, मालजाल पोसेबाला समय नइरहलै अर्थात पहिलाको जमाना अहिले रहेन्, वस्तुभाउलाई (मालजाल) भनिन्छ पाल्ने समय रहेन ।' बालखैदेखि वस्तुभाउको दुध, दही खाएर बुढ्यौली टेकेका बालकृष्णले दुधका लागि दुई वटा गाई अहिले त्यही गोठमा पालेका छन् । त्यही गाईले कहिलेकाही दुध नदिंदा आफैं पनि दुधबाट बञ्चित हुन्छन् । गोठभरि वस्तुभाउ हुँदा गोठाले देखि खेतीपाति रेखदेख गर्ने १५ भन्दा बढी काममा दैनिक खटिने तैनाथि हुन्थे । खेतीपाति रेखदेख गर्न कारी यादव म्यानेजर नै नियुक्त थिए । बालकृष्णको सुरक्षा र हेरचाहका लागि सन्दु मियाँ र राम नारायण यादव दुई खलिफा तैनाथी रहन्थे । पहलमानलाई खलिफा भनिन्छ । बलवान खलिफा छानेर रोजगारी दिइन्थ्यो । उनीहरूको मासिक तलब तोकिन्थ्यो ।

तीन छोरा र दुई छोरी पत्नी, सहित बालकृष्ण गोठाले, खलिफा र कामदारबीच राजसी ठाटमा जीवन जीउँथे । ४५ बिघा जमिनको खेतीपाति ओसार पसार र मलजल लगाउन दुइटा बयलगाडा थिए । २०६० सालमा पत्नी देव कुमारीको देहान्त भएपछि अहिले बालकृष्ण गोठ भएको कामत नजिकैंको चुना र सिमेण्ट जडित पुर्ख्यौली घरमा सहयोगी ७० वर्षीय अशिष यादवसहित दुई जना बस्छन् । जेठो छोरा अनिल रिटार्यड प्राध्यापक, माहिला सुनिल प्रहरी नायव निरीक्षक र कान्छो अरूण इन्जिनियर बाहिर बाहिरै रहेकाले उनी सहयोगी अशिषका भरमा छन् ।

दुई दशकअघि सम्म गोठभरि वस्तुभाउ हुनेलाई जमिन्दार कहलिन्थ्यो । खेतिपातिका लागि जमिन प्रशस्त हुनेले वस्तुभाउ धेरै पाल्थे । कारण, खेतीपाति र कृषि उब्जनीका लागि पहिला वस्तुभाउको गोबर मल प्रयोग गरिन्थ्यो । गोठको वस्तुभाउ हेरेर सम्पन्नताको मापदण्ड कोरिन्थ्यो, लख काटिन्थ्यो । बालकृष्णका बुबा नथुनी तीन दाजुभाई थिए । जग्गा १३५ बिघा । २०१८ सालमा बुबाहरूबीच अंशवण्डा भयो । बालकृष्णका बुबा नथुनीको भागमा ४५ बिघा जमिन पर्‍यो । त्यत्ति धेरै जमिनमा खेतीपाति गर्न बुबा नथुनीकैं पालादेखि दुई सय भन्दा बढी वस्तुभाउ पालेका थिए । भागवण्डामा ७५ भन्दा बढी वस्तुभाउ रहे । विगत सम्झदै बालकृष्ण भन्छन्, 'पशुपालन जमिन र खेतीसँग जोडिएको थियो । त्यसैले वस्तुभाउ पालन अनिवार्य थियो ।'

खेतीपातिकै लागि पनि भागवण्डामा रहेको ७५ भन्दा बढी वस्तुभाउ पालेको उनले सुनाए । त्यही वस्तुभाउको गोबर मल प्रयोग गरी खेती गरिन्थ्यो । वस्तुभाउको गोबर मलले दुई सय मन भन्दा बढी एक फसलमा धान उब्जनी हुन्थ्यो । गोबर मलले धान, गहुँ, तोरी, मकैं, दलहन खेती धेरैं उब्जन्थ्यो । जमिन जोत्नदेखि बयलगाडामा फसल भित्र्याउन गोरू वस्तुभाउ प्रयोग हुन्थ्यो । धान बिक्री गर्न काठद्वारा निर्मित गाडामा भारतको जयनगर पुऱ्याउन बयल (गोरू) प्रयोग हुन्थ्यो । बालकृष्णका अनुसार हरेकको गोठमा त्यो बेला वस्तुभाउ भरिभराउ हुन्थे । वस्तुभाउ नभएको घर नै भेटिन्नथ्यो । कृषि मजदुरलाई जमिनबाट उब्जिएको अन्न पारिश्रमिक दिइन्थ्यो । खानामा दुध, दही, मोही । ती सबै पशु पालनले थेग्थे । जमिन धेरै र कृषी उब्जनी धेरै हुँदा आम्दानी बढ्ने र घरमा चोरी डाँका रोक्नसँगै व्यक्तिगत सुरक्षाका लागि खलिफा राखिन्थ्यो । खलिफालाई रकमको साटो त्यही अन्न मासिक पारिश्रमिकस्वरूप दिईन्थ्यो । 'झण्डै एक दशक यत्ता परिस्थिती परिवर्त्तित भएको छ,' बालकृष्ण भन्छन्, 'खेतीपाति ह्रास आएको छ, खेतीपाति गर्ने युवा शक्ति खाडीमुलुक हानिएका छन्, खेतीपाति नै हुनछाडेपछि पशुपालन नै हरायो ।' खेतिपाति हुन छाडेपछि पाँच वर्ष अघि बालकृष्णले म्यानेजर कारी, खलिफा सन्दुलाई बिदावारी गरिदिए ।

कृषिमा खटिने जनशक्ति नभएकैं कारण उनले पशुपालन छाडिदिए । उनको ४५ विघा जग्गामध्ये अहिले १० विघामात्र जग्गा छ । अन्य बिक्री गरिसके । १० विघा मध्ये पनि ८ विघा जग्गा विल्टु यादव, घुरन, सोतिलाल, नथुनी, गंगाई यादव, इन्द्रदेव सदाय, दुलारी खातुनलाई अधियामा खेतिको जिम्मा दिएका छन् । दुई विघा सहयोगी अशिष र कृषि मजदुरीको सहारामा आफुलाई खानका लागि खेति गरेका छन् । अहिले गोबर मलको विकल्पमा बजारबाट खरिद गरेको रसायनिक मलको प्रयोग गरी खेति गर्दै आएका उनी बजारको मलले उत्पादन राम्रो नभएको सुनाउँछन् । 'रसायनिक मलले जमिनको उर्वराशक्ति नै नष्ट गर्दो रहेछ,' उनले भने, 'गोबर मलले उब्जनी बर्सेनि बढ्थ्यो, रासायनिक मलले बर्सेनि उत्पादन घट्दो छ ।' खेतीमा रसायनिक मल र जोत्न ट्रयाक्टर प्रयोगले खेतीलाई नष्ट गरेको उनले अनुभव सुनाए ।

२०३८ देखि २०४६ सम्म दुई पटक प्रधानपञ्च र २०४९ देखि दुई पटक तत्कालिन सोठियाइन गाविसका अध्यक्ष समेत भइसकेका बालकृष्ण भन्छन् 'पशुपालन हरायो, खेतीपाति मुज्जियो ।' बालकृष्ण मात्र होइन सोठियाइनकै ७९ वर्षीय सत्य नारायण यादवको गोठमा समेत एक दशकअघि सम्म वस्तुभाउ भरिभराउ हुन्थ्यो । गाई, भैंसी, गोरू, बाछा बाछी, पाडा पाडीले गोठ भरिएको थियो । तर अहिले उनको गोठमा एउटा दुधालु भैंसी र गाई मात्र भेटिन्छ । बालकृष्ण र सत्य नारायण मात्र होइन तत्कालीन जिल्ला पशु सेवा कार्यालय सिरहाको ५ वर्षअघिको वस्तुभाउको तथ्यांकलाई हेर्ने हो भने गाई, गोरू, बाछा बाछीको कुल संख्या २ लाख ५४ हजार ४ सय ७७ वटा उल्लेख छ । त्यसैगरी भैंसी, रागा, पाडापाडी १ लाख ४५ हजार ४ सय ४३ वटा तथ्यांकमा उल्लेख छ ।

भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिरहाको आर्थिक वर्ष २०७५/०७६ को तथ्यांक अनुसार पशु पालन दर जिल्लामा घट्दो छ । तथ्यांक अनुसार जिल्लामा गाई, गोरू, बाछा बाछीको संख्या ८९ हजार ४ सय ४६ मा सीमित भएको छ । त्यसैगरी भैंसी, रागा, पाडापाडीको संख्या ९२ हजार १ सय ३० उल्लेख छ । केन्द्रका

———— बाँकी ३ पेजमा

**भित्री पृष्ठमा**

सलहेस गीति–नाट्य, गाथाक श्रोत, ऐतिहासिक परिक्षण आ काल–निर्णय
पेज २ मा

संघीयतामा सुशासन
स्तम्भ : पालिका बहस
पेज ४ मा

## गणेशमान स्मृति दिवस मनाईयो

**लहान** । विभिन्नि कार्यक्रम गरि देशभर लौह पुरूष गणेशमान सिंह स्मृति दिवस मनाइएको छ । लौह पुरूष गणेशमान सिंहको २३ औं स्मृति दिवसको अवसरमा लहानमा पनि कांग्रेस नेता तथा कार्यकर्ताहरूले फलफूल वितरण लगायत विभिन्न कार्यक्रम गरि दिवस मनाएका छन् ।

## दुर्घटनामा वृद्धाको मृत्यु

**सिरहा** । मोटरसाइकल दुर्घटनामा सिरहामा एक वृद्धाको बिहीबार मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सिरहाको गोलबजार नगरपालिका–४ निपाने चोक नजिक स. ६ प ६४०३ नम्बरको मोटरसाइकल दुर्घटना हूदा नरहा गाउँपालिका–४ लालभितियाकी ७० वर्षीया सोनावती यादवको मृत्यु भएको हो ।

दुर्घटनामा घाइते यादवको उपचारका लागि लैजादै गर्दा बाटैमा मृत्यु भएको थियो ।

## वृहत लोकतान्त्रिक मोर्चा गठन

**लहान** । तराई मधेस वृहत लोकतान्त्रिक अभियान सुरू गर्न तराई मधेस वृहत लोकतान्त्रिक मोर्चा गठन गरिएको छ । मोर्चामा नेपाल सद्भावना पार्टी, मुस्लिम जनशक्ति पार्टी, विश्वहिन्दु परिषदका व्यक्तिहरू आबद्ध छन् ।

केही दिनअघि जनता समाजवादी पार्टी (जसपा) बाट निस्कासित गरिएकी पूर्व सांसद सरिता गिरिको संयोजकत्वमा मोर्चा गठन भएको हो । मोर्चाले पहाड र मधेस अलग अलग दुई प्रदेश हुनुपर्ने माग राख्दै अभियान चलाउनुका साथै आन्दोलनमा जाने संयोजक गिरिले जानकारी दिइन ।




फ्रेन्डस मोडल हसिपटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# चौबटिया

## कविता :-“साइनोको ऐना”



अर्जुन प्रसाद गुप्ता ‘दर्दिला’
*कवि तथा गितकार*

मन भुलाउने यो संसारमा,
दिलाशाका थुप्रै प्रकारहरु हेर्दा,
यहीं कतै अल्मलिन मन लागे पनि,
कता कता के केको डर,
मेरो मनभित्र डेरा लिन लागेको छ,
मानौ सूर्य अस्ताई औंसीको कालो रात,
घंघोर अन्ध्यारोको साम्राज्य फैलाउला जस्तो,
एक हात पर हेर्न असमर्थ होला झैं,
निर्रथक कदम बाटो बिराउला कि,
आँखैले ठम्याउन नसकेको बाटो बदलिएला कि,
जानुपर्ने कता कहीं अन्तै गइएला कि,
सोंच्दा सोंच्दै हेर सूर्य त अब अस्ताउनै लाग्यो,
विरान ठाऊँको रमणीय मेला भर्न आएको,
म मान्छेलाई बास खोज्दाको हत्तार,
घर घर जान्छु आफन्त खोज्छु,
भेटी नरहेको त्यो बस्तीमा,
एक छिन मन अतालिन्छ,
तै खोज्दै जाँदा खोई कुनी कताबाट,
एउटा साइनो चिच्याउँदै हतारिएर,
मतिरै आयो तर अल्मलियो,
कुन साइनो गाँसू,
म विरान बस्तीको विरानो मान्छेसँग,
गाँसिने साइनो अस्थाई त होला नि,
मेरो मनले पनि ठम्याई रहेको बेला,
अन्यासै एउटा साइनो,
अस्थाई साइनो,
गाँसी त हाल्यो,
म पनि अपत्यारो दृष्टिले हेरी रहें,
एक टक हेरी रहें,
मानौ बेहोस भएं,
ऊ त्यो साइनो कति बेला छुट्टिई,
गइसकेको भानै भएन,
त्यो साइनोलाई खोजिरहेको बेला,
फेरि अर्को साइनो,
खोई कताबाट मतिरै हतासिएर आए,
फेरि म पूर्व स्थितिमा ट्वाल्ल हेरीं रहे,
मानौ फेरि बेहोस भएं,
यही स्थिति दोहरिदै परिस्थिति फेरिदै रहे,
अनि त्यो औसीको रात,
कालो रात,
एक हात नदेखिने रात,
निकै लामो रात,
विरान बस्तीमा,
घरबास विहिन,
म विरानो मान्छेसँग,
जोडिने साइनो,
झुठफुसको साइनो एउटा ऐना भएर आउँछ,
जिस्काएर जान्छ,
मलाई बोहुलाएर जान्छ,
त्यहि ऐनिभित्र साइनो खोज्दा खोज्दै,
झनक्क रिस उठ्दछ,
अनि फेरि मेरो बहोसीमै हो क्या रे,
सीसा फुटेको आवाज आउँछ,
होसमा आउँदा त,
त्यो साइनोको सीसा रहेछ,
त्यो साइनोको सीसा फुटि सकेको रहेछ ।

# सलहेस गीति-नाट्य, गाथाक श्रोत, ऐतिहासिक परिक्षण आ काल-निर्णय

**तारानन्द मिश्र**

लगभग सम्पूर्ण मिथिलामे सलहेस गाथा, सलहेस गीति-नाट्य आ ओहि आधारपर सम्पूर्ण पात्रसभक कल्पना करैत प्रत्येककैं माटिक मूर्ति आ चित्र निर्माणक सूचना आ सलहेस गीति-नाट्य मंचनक समाचार प्राप्त होइत रहैत अछि । प्राचीन ऐतिहासिक कालसँ मिथिलामे आर्यजातिक द्विजगण-ब्राह्मण, क्षत्रीय तथा यदुवंशी आदि भी अत्यन्त रूढीवादी-सामन्ती व्यवस्थाक नायकसब ग्रामीण समाजमे अपन दबाब आ डर कायम केने छलैक । राज्यक प्रत्येक भूगोलिक अङ्ग्राम, नगर आ राजधानीमे आर्थिक कार्यविभाजनक प्रयासस्वरूप हिन्दू समाजमे वर्णाश्रम व्यवस्थाक (वर्णाश्रम स्थितिक) चतुर्वर्ण आ अठारह जाति ( ई.सं. ४८५क थानकोट काठमाण्ठूक लिच्छवी अभि.- ‘जयपल्लिका ग्रामे निवासोपगांतान् ब्राह्मण-साष्टादशप्रकृतीन) आ पाछाँ छत्तीस जातिक व्यवस्था कायम भेल । एहि चतुर्वर्ण (ब्राह्मण, क्षत्री, वैश्य तथा शूद्र) मे प्राचीत अनार्यजातिक सभ समूहकैं शूद्र जातिमे राखि कऽ ओकर श्रमशोषण आ सामाजिक अवहेलना-अपमान भेल छलैक । एहि सामाजिक कूव्यवस्थाक विरूद्ध मिथिलाक शूद्र जातिक (प्रस्तर कालक कोच, भील, किरात, नाग, डोम, चमार, मुसहर, डोय, दुसाध, खतवे, पासवान, वनजारा, मधैयाडोम, राजवंशी आदि अनेक कथित निचलावर्गक) विद्रोहक परिसूचक थिक सलहेस लोककथा । मिथिलाक विभिन्न जातिक विवरण सिमरौनगढक कर्णाटकी राजा हरिसिंह देवक मंत्री ज्योतिरिश्वरक लिखल ‘वर्ण रत्नाकर’(१३हम चौदहम शताब्दिक पूर्वाध) मे भेटैत अछि ।

एहि कथानकक नायक सलहेस दुसाध जातिक छल, जे सम्पूर्ण पिछडल जातिक प्रतिनिधित्व करैत छैक । सलहेस कथा आ चरित्रमे मिथिलामे व्याप्त राजपूत-क्षत्रीजेकाँ वीरता, राजद्रोह, युद्ध तत्परता, लैला-मजनू आ कृष्ण-गोपीगणसनक प्रेम, रासलीला, विरह, अन्तर्जातीय विवाह, बहुविवाह, नट-नटिनरूपे ग्रामीण गीति-नाट्य, नाटक, चुहराक-चरित्रमे चोर आ दुष्टक चित्रण, मोतिराम, बुधेसर आ अङ्गरक्षक केवला किरातमे मिथिलाक पहलवानक चरित्रक प्रतिनिधित्व भेल छैक । एहिसँगे एहि कथानकद्वारा मिथिलाक अपार आ विविध प्राकृतिक सम्पदासब-पहाड, वनजङ्गल, फलफूलक फुलबारी आ गाछी, वनसम्पदा, हात्ती, घोडा, बाघ आदि जानवरसँगे असीमित जलसम्पदासब-कोशी, कमला, घेमुरा, गण्डक, गङ्गासहित कमलदह, मानिक दह, पतारि पोखैर, बेलका, पोखैर, सुनसरीक मूर्तियालगहक पोखैर सबहक चर्चा भेटैत छैक । अहिथातामे विभिन्न मन्दिरसब, शैव आ वैष्णव धर्म माँझक पक्षग्राह भ्रमित संघर्ष, तन्त्रविद्या, विवाह-द्विरागमन, मेलासब, मातृका सम्प्रदायक केन्दीय शक्ति पार्वती, दुर्गा आशिवाक पूजा आदिक वर्णन छैक । सलहेस कथा नेपाल-भारतमे विभाजित मिथिलाक एकीकरणक प्रयास करैत अछि । पूर्वदिशासँ थाइलैण्ड-बर्मा-आसाम होइत नेपालमे प्रवेश भेल । मंगोल-किरातजाति, पश्चिमसँ तरी-तराई क्षेत्रमे प्रवेश भेल डोय, कोच, राजवंशी (द्रविड भाषी समूहके) अनार्यसभक सहभागिता छैक । एहि सन्दर्भमे गण्डक प्रदेशक क्षेत्रमे आर्य आ अनार्यसभक बीचमे बहुत वर्षक युद्ध आ शतपथ ब्राह्मण(१-४-१), बौद्धग्रंथ मज्झिम निकायमे वर्णित राजा विदेध-माथव आ अग्निवैश्वानरक नेतृत्वमे आनार्यजनक ऊपर आर्यक विजय अभियानक पश्चात कोसी, गण्डकी, गङ्गा-हिमालय पर्वतक पादभागमे प्रथम आर्य देश विदेह-मिथिलाक लगभग १०००-१२०० ई.पूर्वमे निर्माणक सन्दर्भ स्मरणीय अछि । मिथिला-मगध क्षेत्रको मनु आ बौधायनकालमे जम्बुद्वीपक मध्यदेश (मदेश), मज्झिम प्रदेश (बौद्ध त्रिपिटक, जातक अदिमे) आ आर्यावर्त प्रदेशक बाहर कहल गेल छैक । आर्य प्रदेशक सीमा तखनतक कुरूक्षेत्रसँ प्रयाग-वाराणसीधरि मात्र छलैक ।पाछाँ कुरू आ पाञ्चाल क्षेत्रक बहुत संख्यामे आर्यलोकनिके, खास कऽ ब्राह्मणसभके जनकवंशी राजासभ ओकरवाद गुप्त राजासभ जमीन दान दऽकऽ स्थायी रूपे बसौने छलखिन । लेकिन बुद्ध कालमे मध्यप्रदेशक सीमा पूर्व बङ्गाल ( कंनंगल) तक विस्तृत भेलैक । महावग्ग, (५, पृ.१२-१३) आ दिव्यावदान, (पृ.१२-१३) एहि सीमाके पुण्ड्रवर्धन तक मानैत छैक (**law, Geog of Ancient Budhism, 1979,2)** । बङ्गाल-बिहारक पाल राजाक कालमे मिथिलाक सीमा कोशी-गङ्गाक पार प्रदेश मोरंग पूर्णिमा-सहर्ष-मुंगेर-भागलपुर क्षेत्रमे विस्तार भेल छलैक । विग्रहपाल तृतीयके एकटा ताम्रपत्र वनगाउँ आ मण्डन मिश्रक गाम महिषी धेमुरा नदीक पूर्व किनारक महत्वपूर्ण भग्नावशेष जतऽ पहिने रजत, आहत मुद्रा **(silver punch-Marked coins, 3rd-2nd B.c)** प्राप्त भेल छलैक, ओहि ठामसँ भेटल एकटा ताम्रपत्र लेखमे ‘तीरभुक्तिक होद्रेविषय ( जिला)’ ओहिठाम हुनक स्कन्धावार (राजदरबार) के उल्लेख छैक । महिषी, वनगाउसँ पालकालक दुर्गा, गणेश, तारा आदि अनेक पालमूर्तिसब प्रीत भेल छैक । धरानक पिण्डेश्वर महादेव मन्दिरसँ पाल कलाशैलीक दुर्गा मूर्ति भेटल छलैक । एकरसँगे मिथिलाक दक्षिण-पश्चिम सीमा गण्डक पारक गोरखपुरतक विस्तार भेल छलैक । ई विस्तार चम्पारणसँ पूर्वमे बागमतीधरिक शासन ओइनवारवंशी राजा पृथ्वी सिंह, शक्ति सिंह **(P.L.Gupta, coins, 167-168)**, हुनक मुद्रामे नगराक्षरमे ‘गोविन्द चरण प्रणव मदन’, आ ‘चम्पकाणस्य’ लिखल छैक) आ वीर सिंहक शासनकाल (१५हम शई.) मे भेल छलैक । एहि वंशक वीर सिंहक शासनकालमे चतुर चतुर्भुजक गीतगोपाल ग्रंथक रचना भेल छलैक (वेजालर, १९८९, रा. अभि, हस्तलिखित ग्रंथ सूचि) । एहि कारणे पूर्वमे बागमतीक आ पश्चिममे गोरखापुर तथा नेपालक नवलपरासी आ रूपन्देही क्षेत्रसबहक भाषा (क्रमशः मैथिली आ अवधी) के विस्थापित कऽ भोजपुरी भाषाके प्रचलन भेलैक । चतुर्भुजक ग्रंथ गीत गोपाल ई.सं. १६०६-१६१९ के बीचमे सिमाङ्धन ( सिकरौनगढ) मे लिखल गेल छलैक ।

सलहेस गाथामे मुख्यस्थल आ प्राचीन भग्नावशेष, पोखरि आ फूलबारी सब छैक । एहिमेसँ मुख्य स्थल थिक -सलहेसक जन्म महिसौथा छलैक । पकडियाढ -राजा कुलेश्वरक दरबारक्षेत्र जतऽ सलहेस चौकीदार छल । एहि राजाक बेटी फूलबारी स्थलमे सलहेसके प्रेम प्रस्ताव केने छलैक । ऊपर उल्लेखित पकडियागढ (पकरी) के उलल्ेख राजेन्द्र विक्रम शाहक लालमोहरमे ( हरिकान्त लाल, सप्तरीका गढी, २०६७,९१) तथा कञ्चनपुरक आ पुरानागढीक नाम पृथ्वीनारायण कालक वि.सं.१८३० (ई.सं.१७७३) के पत्र तथा पोखरेलक वंशावलीमे छैक (हरिकान्त, २०६७,९६) । कञ्चनपुरगढ ( रूपनगर) क राजाक रूपमे सलहेस अपन मूल दरबार महिसौथासँ घोडापर सवर भऽ एहि कञ्चनपुरगढीतक आबि कऽ सभास्थल (राजदरबारक आस्थानशाला)मे जनताक दुख-दर्द सुनैत ओकर निवारणक उपाय करैत छल । एहिठामक बरेवा पोखैर आ बेल्क पहाडमे ओ विश्राम करैत छल । तरेगनागढ (मानराजागढ) -ई स्थल सप्तरीक तौत्तर प्रगन्ना छलैक जतहुक गढपति महेश्वर भण्डारी छल ( हरिकान्त,२०६,२२) । महेश्वर भण्डारीक चारिटा बेटी-हीरा, रेश्मा, दिना आ कुसमा सलहेससँ प्रेम करैत छलैक । मानिकदह- एहि दहमे सलहेस स्नान करैत छल आ एहुठाम एकटा साजसभा छलैक । सिरहाक फुलबारीमे ओ भगवानक पूजाक वास्ते फूल तोडैत छल । एहि फूलबाडीमे पकडिया गढक राजा कुलेश्वरके बेटी चन्द्रावती ओकरा प्रेम प्रस्ताव केने छलैक । सिलहट अखाडा -एहि ठाम सलहेस कुस्ती खेलैत छल ।

उपर उल्लेखित स्थल सब प्राचीनकालक सप्तरी जिलासँ सम्बन्धित छैक । एकर अलावा जे जिला आ ठामसब एहि कथामे उल्लेख भेल अछि ओ थिक मोरंग, सुनसरीक मूर्तिया आसपासक गढी आ पोखैर, जनकपुर परिक्रमा स्थल, धनुषा जिलाक ननमहरी, चम्पारण जिलाक सतखोलिया, सहर्षा जिला, मोकामा- सम्भवत : गङ्गा किनारक प्रसिद्धघाट जतऽसँ चन्द्रावतिक गहना-जेवर आ कपडासब प्राप्त भेलैक । मधुवनीक जितवारपुर, मुङ्गेर जिला, कमला, ताउ तथा वैजनी नदीक त्रिवेणी सङ्गम स्थल । चम्पारणक बाघगढ, मुङ्गेरक पकडिया (राजेश्वर झाक अनुसार) आ राजा शैनीक सतखोलिया (चम्पारण जिलाक) आदि । एहि गाथामे बासोपट्टिक विराटपुर आ छोपहार चौरीसहितक चर्चा अछि ।*क्रमश :*


**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाइरसबाट बच्ने उपायहरु :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# असारे विकास र हाम्रा प्राविधिक



## सरोकार
### अम्बराज मिश्र

देशको विकास, सुरक्षा एवं उपलब्ध जनशक्ती तथा प्राविधिकहरूको सञ्चालन गर्ने जिम्मा स्थानीय तह देखि केन्द्रीय तह अर्थात सरकारहरूले जिम्मेवारीका साथ वहन गर्नुपर्ने बाध्यकारी व्यवस्था छ । सबै तह सँचालन गर्न सरकारहरूलाई कोषको आवश्यक्ता पर्दछ । कोषको व्यवस्था गर्न भइरहेको आर्थिक श्रोत र थप कोष व्यवस्थाका लागि अन्य श्रोतहरू पत्ता लगाई व्यवस्थापन गर्नुपर्ने हुन्छ । अहिले सरकारले हरेक परिवारबाट आम्दानी अनुसारको कर लिएको छ ।

कर्मचारीको तलव भत्ताबाट कर लिईएको छ, कृषकको उत्पादनमा कर लिईएको छ, स-साना व्यापारीहरू समेतबाट पनि कर असुली गरिएको छ । वित्तिय संघ संस्थाबाट पनि नाफाको आधार र नविकरण भनेर कर लिईएको छ भने सवारी साधन देखि उद्योग कलकारखानाहरूबाट कर लिईन्छ । हरेक क्षेत्र करमय बनाईएको छ । जनताले गाँसबाट काटेर भए पनि सरकारलाई भने कर बुझाउनु परेको छ ।

गाउँघर देखि राजधानीसम्म गरिब देखि धनी सबैबाट उठेको करको रकमबाट देशको फण्ड बनाईन्छ । त्यसले पनि नपुगेर दाता राष्ट्रहरू, विश्व बैंक लगायत अन्यक्षेत्रबाट कर्जामा रकम ल्याईएको छ । यसरी ल्याईएका कर्जाहरू हरेक नागरिकको थाप्लोमा हिसाब जोडिन्छ । यसरी भए गरेका रकमले राष्ट्रको विकासे सडक, पूर्वाधार निर्माण, मर्मत, खरिद, तलब भत्ताहरूमा खर्चिने प्रावधान पुरानै हो । जनताबाट असुलिईएका रकमहरू खर्चिने तरिकाहरू पनि पुरानै व्यवहार देखिन्छ ।

असार महिनामा बार्षिक बजेट स्वीकृतार्थ पेश गर्ने, साउन महिनामा सदनबाट पास गराउने, भाद्र महिना देखि सोह्रश्राद्ध सुरु हुने, आश्विन महिनामा दशै मनाउने, कार्तिकमा तिहार छठ पर्वहरू मनाउन फराकिलो समय लिईन्छ र बल्ल बल्ल छठ पर्व पछी स्वीकृत बजेट अनुसार प्राप्त निर्देशनको अधिनमा रहि विभिन्न निर्माण कार्यहरूको टेण्डरहरू आव्हान गर्न थाल्ने चलन पनि अझै कायमै देखिन्छ । टेण्डरहरू पर्नु र स्वीकृत हुदाँ नहुँदै पौष महिना देखि बल्ल तल्ल ठेकेदारहरू स्वीकृत टेण्डरको फायल बोकेर कार्यक्षेत्रमा पाइला टेक्ने चलन पनि पुरानै दर्रा देखिन्छ । ठेकेदारले गर्ने भनेका कार्यहरू चाँजोपाँजो जोहो गर्दा नगर्दै माघ महिनामा पुग्ने देखिन्छ ।

माघ महिनाबाट सुरु गरिने निर्माण कार्यहरूको रेखाँकन, प्राविधिकहरूसँगको परामर्श गर्दा गर्दै केही समय लम्बिने पक्का देखिन्छ । फाल्गुण र चैत्र महिनाबाट सुरु हुने ठेकेदारी निर्माण कार्यले कहिले मजदुरको कमी, कहिले कच्चा पदार्थको उपलब्धता नहुनु त कहिले प्राकृतिक प्रकोपको बावजुद गरिने निर्माण कार्यले पूर्णता पाउन हम्मे हम्मे हुने गर्दछ । पूर्णता दिन प्राविधिक र ठेकेदार बीच सौदाबाजी हुने गर्दछ । अन्तत: सम्पन्न हुने निर्माण कार्यहरूको गुणात्मक र परिणात्मकमा शंका रहिरहन्छ । जसको प्रमाण भनेको निर्माण सम्पन्न भएका परियोजनाहरूले प्रष्ट पार्दछ । उदाहरणको लागि सडक बर्ष दिन नपुग्दै पुन: मर्मत गर्नुपर्ने अवस्थामा पुग्छन् भने सडक पूर्वाधारको सतहि बनौटहरू सर्पले भ्यागुता खाए झै अग्ला र होचा देखिनपुग्छन् । डिप बोरिङ्हरू छोटो अबधिमै सुकेका पाईन्छन । खोलामा बाँधिएका बाँधहरूलाई पानीले फुटाउने खालका बन्दछन ।

हो, यस्ता धेरै खाले विकासे कार्यहरूमा सरकारको ठूलै धनराशि बर्सेनि खर्चन्छ । यी विकासे कार्यहरू हाम्रै लागि बनेका हुन, यसको सही तर्जुमा हुनु पर्थ्यो । तर हुन सकेको छैन । यसका लागि समयको अभाव हुन नदिन सरकारले आर्थिक वर्षको सुरुमै अर्थात दशै तिहार जस्ता चाड पर्व अगावै टेण्डर स्वीकृति गरि टेण्डर अनुसारको कामको जिम्मेवारी दिई सक्नु पर्ने नियम बनाईनु र कार्यान्वयन साथै अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाउन सकेको छैन ।

वर्षान्तमा छिटो छिटो सम्पन्न गर्न ठेकेदारलाई दबाब दिई अनावश्यक आर्थिक लाभ लिन प्रपन्च गरिने कारण हाम्रा विकासे कार्यहरू कमसल हुन पुग्छन् । साच्चै नै हाम्रो देशलाई बजेट अनुसारको कार्य सन्तोषजनक रूपमा सम्पन्न गराउने हो भने मन्त्री देखि विभाग, प्राविधिक एवं ठेकेदारहरू सबै ईमान्दार हुनै पर्दछ , नत्र खोक्रो देश विकासको भाषणले मात्र देश समृद्ध हुनेबाला छैन । धन्यवाद !

# हरायो ...

अनुसार यति संख्या रहनुमा पनि केन्द्रले भुई घाँस खेति र व्यवसायिक पशुपालनमा अनुदान तथा तालिमले भरथेग गरेको हो ।

भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिरहाका पशु विकास अधिकृत रामप्रकाश यादव पशुपालन तर्फ किसानहरू आकर्षित हुन नसक्दा यही अवस्था रहे पशुपालन व्यवसाय नै लोप हुनसक्ने बताउँछन् । 'युवा जनशक्ति कृषि र पशु पालन गर्न नचाहने र वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्नुले पनि पशु पालन लोप हुने अवस्थामा पुगेको हो,' उनले भने, 'बुढापाकाको भरमा खेतीपाति र पशु पालन कत्तिन्जेल थेग्ने ?' पशुपालनमा ह्रास आएकै कारण दुध र दुग्धजन्य पदार्थको माग पूर्ति धान्न समेत समस्या रहेको उनले बताए । उनले कृषिलाई समृद्ध बनाउने हो भने पशु पालन, सिंचाइमा जोड दिनुपर्ने र युवा शक्तिलाई यसतर्फ आकर्षित गर्ने खालका कार्यक्रम ल्याउनुपर्ने सुझाए । बालकृष्ण भन्छन्, 'गाउँघरमा विशेषगरि कृषिमा रोजगारी छ भनुँ भने युवा विदेशिएका छन्, रोजगारी छैन भनुँ भने कृषिमा खट्ने जनशक्ति नभएर खेतीपाति पशुपालनमा ह्रास भएको छ । यी दुवै पेशा लोप हुने अवस्थामा जसोतसो चलेको छ ।'

**गोबर मलको साटो रसायनिक मलले उत्पादन घट्दो**

मौसमले साथ नदिदा र पशुपालन घट्दा गोबर मलको साटो रसायनिक मलले बर्सेनि अन्न बाली उत्पादनमा ह्रास आउने क्रम बढ्दो छ । ह्रास दर बढ्दै गए खाद्य असुरक्षा बढ्न सक्ने कृषि प्राविधिकहरूको भनाइ छ । मौसमले साथ नदिदा र रसायनिक मल र विषादीको प्रयोग धानबाली लगायत तरकारी र अन्य बालीमा बर्सेनी ह्रास आउँदा यो समस्या निम्तिन समय लाग्दैन । सिँचाइ अभाव हुनु र बढ्दो रसायनिक मल प्रयोगको असरले दिनानुदिन माटोको उर्वराशक्तिमा क्षयीकरण हुँदै जाँदा उत्पादन घट्नु नै खाद्य असुरक्षाको प्रमुख कारक रहेको बताउँछन वरिष्ठ कृषि विकास अधिकृत भगिरथ यादव । उनका अनुसार प्राकृतिक स्रोत साधनको अनियन्त्रित दोहन र उर्जा आपूर्ति सहज हुन नसक्दा स्थिती थप विकराल बन्नसक्छ । अहिले नै यो अवस्था नआउँला । 'कृषकहरू जैविक मलभन्दा रासायनिक मल बढी प्रयोग गर्छन् जसले गर्दा माटोको अम्लीयपन बढ्छ र कालान्तरमा उत्पादकत्वमा ह्रास आउँछ' उनले भने 'उर्बर माटोलाई सखाप मात्रै पारेको छैन, खाद्य सुरक्षालाई पनि प्रभावित गरेको छ । यसरी खाद्य सुरक्षाको एउटा आधार कृषि धरापमा पर्दै गएको हो, जसको मानक घट्दो उत्पादन दरलाई लिन सकिन्छ ।'

विज्ञहरुका अनुसार पर्याप्त पौष्टिक खाद्य निरन्तर र सहज रूपमा सबैले उपभोग गर्न पाउनु नै खाध सुरक्षा अवधारणाको मर्म हो । घट्दो उत्पादन र आकासिँदो मूल्य खाध असुरक्षा बढाउने अर्को कारण हो । स्थानीय बीउ बिजनको संरक्षण, उपयुक्त मलखादको उपलब्धता र शीतभण्डार खाध सुरक्षा सबल बनाउने अन्य उपाय भएको कृषि प्राविधिकहरूको भनाइ छ ।

जिल्लामा धानबालीसँगै अन्य बालीको उत्पादन दर समेत बर्सेनि घटदो छ । जिल्लामा चार हजार हेक्टरमा मकै र कोदो बाली किसानहरूले लगाउँदै आएका थिए । त्यसबाट ८ हजार ६ सय १० मेट्रिक टन मकै गत वर्ष उत्पादन भएको थियो । प्रतिकूल मौसमका कारण मकै र कोदोबाली समेत फस्टाएन । जसबाट उत्पादन झण्डै ५० प्रतिशत घटेको कार्यालयले जनाएको छ । जिल्लामा १८ हजार हेक्टर जग्गामा गहुँ खेती गरिन्छ । तर गहुँलाई चाहिने आवश्यक सिँचाइ सुविधा र प्रांगारिक मल उपलब्ध हुन नसक्दा यसको उत्पादन समेत बर्सेनि घटदो छ ।

कृषि प्राविधिकहरू जैविक मलको प्रयोगलाई बढाउन पशु पालन अनिवार्य भएको बताउँछन् ।

**घट्यो चरन क्षेत्र**

पशु पालनमा ह्रास आउनुमा मुख्य कारक चरन क्षेत्र घट्नु पनि हो । पशु विज्ञहरुका अनुसार २०६२ सालसम्म सिरहामा २ हजार ७ सय ७४ दशमलव ३ हेक्टर चरन क्षेत्र थियो । दशकपछि २०७२ सम्म आईपुग्दा चरन क्षेत्र १ हजार ३ सय १४ हेक्टरमा सीमित हुन पुग्यो । चरन क्षेत्र खुम्चिनुले पनि पशु पालनलाई नकारात्मक असर पर्‍यो । यो दर अझ घट्दो छ ।

# सम्झनामा लौह पुरुष



गणेशमान सिंह

संघर्ष र स्वाभिमानका पर्याय गणेशमान सिंहको जन्म वि.सं. १९७२ साल कात्तिक २४ गते काठमाडौंको यट्खामा भएको थियो सुब्बा ज्ञानमान सिंह र सुभद्रा कुमारीका जेष्ठ सुपुत्रका रूपमा । गणेशमान नाम राखिए पनि परिवारमा 'हीराकाजी' भन्ने गरिएको थियो । दरबार स्कूलमा पाँच कक्षामा भर्ना हुनु अघिसम्म हीराकाजी कै नामले परिचित थिए लौह पुरुष गणेशमान सिंह ।

दरबार हाइस्कूलमा कक्षा ६ मा पढ्दा राणाका छोराछोरीलाई आदर नगरेका कारण १९८४ मा विद्यालयबाट निस्कासनमा परेका थिए । कोलकाता गएर सन् १९३९ मा प्रथम श्रेणीमा मेट्रिक पास गरेपछि कोलकाता कै विद्यासागर कलेजमा विज्ञान विषयमा प्रवीणता प्रमाणपत्र तह (आईएस्सी)को अध्ययन गर्नुभएको थियो । सिंहले बहिदार पदको सरकारी सेवा समेत त्याग गरेका थिए ।

१९९७ सालमा स्थापना भएको नेपालको पहिलो राजनीतिक पार्टी प्रजा परिषद्को सदस्य भई राणा शासन हटाउने राजनीतिमा आफूलाई होमेका थिए । २००७ सालको क्रान्तिका एक अगुवाका रूपमा सिंहले वीरगञ्ज मोर्चामा सशस्त्र संघर्ष गरेका थिए । पहिलो जननिर्वाचित सरकारमा वरिष्ठ मन्त्री रहेका गणेशमानले २०१७ सालमा प्रजातन्त्र अपहरण भएपछि आठ वर्ष निरन्तर काराबास भोगे ।

तत्कालीन राणा सरकारले सर्वश्वहरण सहित आजीवन कारावासको दण्ड दिएको थियो । सँगै जेल परेका गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द र शुक्रराज शास्त्रीलाई भने मृत्युदण्ड दिइएको थियो । जन्मजात विद्रोही स्वभावका गणेशमान सिंहलाई राणाको पर्खालले धेरै दिन कैद गर्न सकेन ।

२००१ साल वैशाख एकको रात भद्रगोल जेलको पर्खाल नाघेर जेलबाट भागेपछि कृष्णबहादुर प्रधानका नाममा राणाविरोधी अभियान चलाउँदै हिडेपछि राणाशासकहरुद्वारा देश निकाला गरिएको थियो । बिपी कोईरालासंग मिलेर २००३ साल माघ १२ गते नेपाली राष्ट्रिय कांग्रेसको स्थापना गरे, जुन पार्टी सुवर्ण शमशेरको प्रजातान्त्रिक कांग्रेससँग मिलेर २००६ सालमा नेपाली काँग्रेस बनेपछि सिंह नेपाली काँग्रेसको संस्थापक नेता बनेका थिए । २००७ सालमा क्रान्तिको तयारीका लागि भूमिगत रूपमा नेपाल आउँदा २००७ साल असोज २७ गते ठोरीको जंगलमा पक्राउ परेसँगै उहालाई शारीरिक यातना दिइएको थियो । मोहन शमशेरको नेतृत्वमा बनेको मन्त्रिमण्डलमा सिंहले उद्योग तथा वाणिज्यमन्त्रीको जिम्मेवारी सम्हाल्नु भएको थियो ।

२००८ सालमा नेपाली कांग्रेसका नेता मातृकाप्रसाद कोइरालाको मन्त्रिमण्डलमा कृषि, भूमि तथा खाद्यमन्त्री भएका सिंहले विश्वेश्वरप्रसादको निर्देशनमा मातृकाप्रसादको मन्त्रिमण्डल त्यागेको पाइन्छ । २०१२ सालमा कांग्रेसको वीरगंज अधिवेशनमा सभापतिका लागि उम्मेदवारी दिनुभएका सिंह सुवर्ण शमशेरसंग पराजित हुनुभएको थियो । २०१४ सालको भद्र अवज्ञा आन्दोलनलाई नेतृत्व दिदै २०१५ सालको प्रथम संसदीय निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट काठमाडौंको सांसद् पदमा विजयी भएपश्चात बिपी कोइराला नेतृत्वमा गठित सरकारमा निर्माण तथा यातायात मन्त्री बन्नुभएको हो । २०१७ साल पुस १ गतेको दुभाग्यपूर्ण घटनापछि सिंह लगातार आठ वर्ष सुन्दरीजल जेलमा थुनिनु परेको थियो । २०४६ साल माघ ५, ६ र ७ गते काठमाडौंको क्षेत्रपाटीस्थित सिंह निवासमा आयोजित नेपाली काँग्रेसको सम्मेलनद्वारा जनआन्दोलनको घोषणा गरियो । २०४६ फागुन ७ गते प्रारम्भ भएको ऐतिहासिक जनआन्दोलनको नेतृत्व सम्हाल्नुहुने सर्वोच्च कमाण्डर सिंहलाई ६ वामपन्थी पार्टीहरूको संयुक्त मोर्चाले समेत साथ दिएको

बाँकी ४ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्को प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्को प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्को प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

# संघीयतामा सुशासन

## पालिका बहस

**डा. सोमलाल सुवेदी**



**सुशासन**

शासन जनताको हितका लागि हो । शासन गर्नेहरूको स्वार्थसिद्ध र तजबिजको माध्यम होइन । जनताको जीवन, स्वतन्त्रता र सम्पत्तिको संरक्षणका साथै समयसापेक्ष अधिकतम जनकल्याणमा शासकहरू, राज्यसंयन्त्र, संगठन संरचना र पद्धतिको उपयोग गर्नु गराउनु सुशासन हो । वर्तमान शासन पद्धतिमा सुशासन सबैभन्दा बढी फलाकिएको शब्द हो । यसले सीमित शासन र शासकीय पद्धति नियन्त्रण र सन्तुलनको पक्षपोषण गर्छ । राज्य संयन्त्र तथा राज्य निर्देशित संघसंस्था र संगठनहरूले सार्वजनिक अधिकार, स्रोतसाधनको प्रयोग तथा व्यवहारहरू जनकेन्द्रित छन र व्यक्ति, समूहका स्वार्थ, समूहको हित प्रवर्द्धन गरेका छैनन् भन्ने विश्वास आर्जन गर्दा सुशासनलाई टेवा पुग्छ । विकासोन्मुख देशहरूमा सुशासनमा विश्वासको कमीले पनि कतिपय राम्रा कामहरूले आशा र अपेक्षा पाउन सक्दैनन् । त्यसैले समग्र शासन प्रणालीमा सुशासन उन्मुख भइरहेको विश्वास आर्जन गर्नु कुनै पनि सुशासन दिन्छ भन्ने सरकारको पहिलो कार्य हुन आउँछ ।

सामान्य आर्यमा राजकीय काम र गैरराजकीय क्षेत्रको नियमन तथा सहजीकरण निःस्वार्थ, जनमैत्री, असल मनशाय र नतिजामूलक ढंगले सम्पादित हुनु सुशासन हो । यसलाई विभिन्न तरिकाले व्याख्या गरिएको पाइन्छ । शासनलाई विधिसम्मत, सहभागिता समानता, पारदर्शी र जवाफदेही ढंगले सञ्चालन गरी लक्षित उद्देश्य प्राप्त गरी न्यायपूर्ण तरिकाले गुणस्तरीय सेवा वितरण, विकास र समृद्धिको अवसर नागरिकलाई उपलब्ध गराउनु र नागरिक व्यवहारलाई सुशासनमैत्री ढंगले रूपान्तर गर्नु गराउनु सुशासन हो । यी विषयका अतिरिक्त स्वतन्त्र, निष्पक्ष र नियमित निर्वाचन, दक्षता र प्रभावकारिता, खुलापन, कानुनको शासन, नैतिक आचरण र व्यवहार, क्षमता, नवप्रवर्तन र परिवर्तनका लागि प्रतिबद्ध, दिगोपना र दूरदृष्टि सबल वित्तीय व्यवस्थान, मानव अधिकार र सामाजिक सामञ्जस्यजस्ता विषय सुशासनमा समाहित भई क्रियाशील हुनु आवश्यक हुन्छ । यी विषयहरूलाई सुशासनका अवयव मानी प्रयोग गर्न सक्नुपर्छ । प्राप्त जिम्मेवारी र प्रादेशिक सम्भावनालाई संघीयता कार्यान्वयनसँगै सुशासनका अवयवहरु अवलम्बन गरी पद्धति विकसित गर्दै संस्कारमा सुधार भएको देखाउन सक्नुपर्ने चुनौती प्रदेशहरूमा रहेको छ ।

**संघीयताको सन्दर्भ**

संघीयता संयुक्त राज्य अमेरिकाको संविधानको उपज हुँदै विकसित भइरहेको छ । स्वायत्त र साझेदारी शासन यसको विशेषता हो । बहुतहको शासन संगठन र कानुनी बहुलता तथा धेरै कर्ताहरु हुने भएकाले संघीय शासनका हरेक तहमा सुशासन अपरिहार्य हुन्छ । नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्य राखेको छ । यसबाट के स्पष्ट हुन्छ भने सुशासन संघीयताको अभिन्न अंग हो । यसैगरी पन्ध्रौं योजनाको आधारपत्रले प्रशासकीय सुशासनका लागि जवाफदेही, व्यावसायिक र सक्षम सार्वजनिक प्रशासनबाट सार्वजनिक सेवाप्रतिको जनविश्वास अभिवृद्धि गर्ने र विकासलाई नतिजामुखी बनाउने लक्ष्य राखेको छ । विभिन्न ऐन, नियमावली, कार्यविधि दिग्दर्शन, नीति र दस्तावेजहरुले सुशासनलाई उत्तिकै महत्व दिएका छन् । अर्कोतिर विश्वव्यापी सुशासनका आयामहरूमध्ये प्रायःजसोमा नेपाल सहभागी भई प्रतिबद्धता जनाएको पाइन्छ । यी सबै प्रावधान र अभ्यासबाट नेपालको संघीय शासन प्रणालीमा सुशासन मेरूदण्डको रूपमा रहेको पुष्टि हुन्छ ।

**सुशासनको व्यावहारिक पक्ष**

राज्य सञ्चालनमा भनाइबमोजिम गराइ पुऱ्याउनु चुनौती र अवसर दुवै हो । तर प्रियतावादी सरकारहरु बढी बोल्ने र बोलेजति गर्न नसक्ने समस्याबाट ग्रसित भएको पाइन्छ । प्रायःजसो सत्तामा जानुअघि राजनीतिक नेताहरु सुकिला र आशालाग्दा देखिन्छन्। कर्मचारीतन्त्रमा पनि दोस्रो वरीयतामा रहनेहरु उदार र प्रियताको छनक दिन सफल हुन्छन् । राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वको दक्षता, इमानदारिता, समझदारी एवं समन्वयमा मात्र सुशासनको मूर्त रूप लिन सक्छ । जनताले यसको लाभ अर्थात् लोकतन्त्रको फल आस्वादन गर्न पाउँछन् । सुशासन भन्न सजिलो र जिब्रोमा झुन्ड्याउन सहज छ । तर व्यवहारमा रूपान्तर गर्न गराउन फलामको चिउरा चपाउनुजस्तै भएको देखिन्छ। नेपालको संघीयता कार्यान्वयन, दिगो शान्ति, विकास र समृद्धिका लागि पनि सुशासन निर्णयक हुन गएको प्रतीत हुन्छ । संघीयतामा खर्च, प्रतिफल, जवाफदेही र लोकतन्त्रको सुदृढीकरणमा सुशासनको अग्रणी भूमिका हुन्छ । व्यावहारिक रूपमा संघ, प्रदेश र स्थानीय तहमा के कसरी सुशासन कायम गर्न गराउन सकिन्छ सोको उल्लेख क्रमशः गरिनेछ ।

**स्थानीय तह**

स्थानीय तह सरकारहरु जनताका नजिकका सरकार हुन् । यी सरकारका व्यवहार र प्रतिफल जनताले प्रत्यक्ष अनुभूत गर्दै अवलोकन गरेका हुन्छन् । इतिहासमा धेरै अधिकार र जिम्मेवारी पएका स्थानीय सरकारहरूले सक्रिय इमानदार, पारदर्शी, सक्षम र जवाफदेही भई कार्यसम्पादन गर्नु गराउनु आवश्यक छ। स्थानीय सरकारले सहभागितामूलक लोकतन्त्र अवलम्बन गरी नियन्त्रण र सन्तुलनका आधारमा स्थानीय लोकतन्त्र सुदृढ गर्नेतर्फ पनि उत्तिकै ध्यान दिनु जरूरी छ। कानुनद्वारा शासन होइन, कानुनको शासन गर्नु संघीयता कार्यान्वयनमा टेवा पुऱ्याउनु हुनेछ ।

वित्तीय पारदर्शिता र जवाफदेही सुशासनका सर्वाधिक महत्वपूर्ण पाटा हुन् । प्राप्त स्रोतलाई विधिसम्मत, पारदर्शी, प्रतिफलदायी र दिगो विकास व्यवस्थापनमा खर्च गर्न सक्नुपर्छ । पालिकाका सभामा सार्वजनिक लेख र सुशासन समिति सक्षम, क्रियाशील र जिम्मेवार हुनु अपरिहार्य छ । स्थानीय तहमा नियन्त्रण र जवाफदेही कमजोर भई सरकार सञ्चालन भएमा सुशासनको जग नै खलबलिन्छ । जनमानसमा सार्वजनिक व्यवस्थापनप्रति वितृष्णा पैदा हुन जान्छ। तसर्थ स्थानीय सरकारहरूले सुशासनका अवयवहरूलाई संस्थागत गरी परिपालना गर्दै समयसापेक्ष शासकीय पद्धति सुधार गर्दै जानुपर्छ । संघीय र प्रादेशिक सरकारले सुशासनका लागि स्थानीय सरकारलाई सहजीकरण, समन्वय र प्रोत्साहित गर्न सकेमा मात्र संघीयता कार्यान्वयन तथा सुशासन अवलम्बन हुन जानेछ ।

उपर्युक्तबमोजिम संघीयतामा धेरै तहका धेरै सरकार (७६१) क्रियाशील छन् । राजनीतिक संघीयता प्रवतीकरण भइरहेको छ । वित्तीय संघीयता पनि कार्यान्वयन भइरहेको छ । प्रशासनिक संघीयता संक्रमण तथा प्रारम्भिक चरणमै छ । यसको सक्षमता, सक्रियता, इमानदारिता र पद्धतिगत आयामहरूमा सुशासन समाहित हुन सकेमा मात्र संघीयता कार्यान्वयन भई संविधानले लिएको सुशासनका लक्ष्य प्राप्त हुन सक्छ । तीनै तहका सरकारहरूबीच सुशासनको प्रतिस्पर्धा गर्न गराउन राजनीतिक क्षेत्रले नेतृत्व दिन सक्नुपर्छ भने प्रशासनिक संघीयता सुशासनमैत्री हुनु परमावश्यक छ ।

संघीयतामा सुशासन कायम गर्न गराउन संघीयता र सुशासन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। सरकारहरूबीच सकारात्मक प्रतिस्पर्धा हुनु नै संघीयताको सुन्दर पक्ष हो । तर हाम्रा सरकारहरु अधिकार धेरै लिने सुविधा उपयोग गर्ने र सकेसम्म तत्कालै लोकप्रिय हुने होडमा लागेको अनुभूति सञ्चारमाध्यमहरूमा आएका सूचनाहरूबाट गर्न सकिन्छ । वित्तीय संघीयताको कार्यान्वयनबाट स्थानीय तहसम्म स्रोतहरु गइरहेको छ । सबै तहले वित्तीय स्रोतलाई मितव्ययी, पारदर्शी, उत्पादनमूलक र दिगो सेवा एवं विकास व्यवस्थापनमा खर्च गर्नुपर्छ । 'समुद्रको जल सूर्यलाई अर्पण' शैलीमा खर्च गर्ने तरिकालाई नियन्त्रण गर्न सक्नुपर्छ। सुशासनको महत्वपूर्ण पक्ष नियमित अनुगमन र मूल्यांकन हो । यो पक्षमा त्यति ध्यान पुग्न नसकेको प्रतीत हुन्छ ।

सुशासनका लागि सबैभन्दा अग्रणी भूमिका राजनीतिक क्षेत्रको अपेक्षित हुन्छ । निर्वाचन प्रणाली कम खर्चिलो, लोकतान्त्रिक, पारदर्शी र जनसेवामैत्री नहुने हो भने ७६१ सरकारहरुमा सिर्जित राजनीतिक अवसर लोकतन्त्र होइन, व्यापारमैत्री हुने जोखिम देखिन थालेको छ । तसर्थ राजनीतिक संस्कार सुशासन, संघीयता र जनमैत्री हुनुपर्ने माग संघीयताले गर्छ । यसैगरी सक्षम, व्यावसायिक, इमानदार, क्रियाशील प्रशासनिक संयन्त्र निर्माण गर्न अर्को चुनौतीका रूपमा रहेको छ । प्रशासनिक संयन्त्रमा समग्र र विषय क्षेत्रगत समन्वयको शृंखला पुनर्ताजगीकरण गर्नु आवश्यक छ । धेरै तहका संगठन संरचनाहरुको प्रयोग दक्षतापूर्वक गर्न सकिएन भने सुशासन होइन, संगठनात्मक अराजकता नआउला भन्न सकिन्न । सबै तहका सरकारी संयन्त्र स्वच्छ, सक्षम, इमानदार भए संघीयतामा सुशासन कायम भई संघीयताको प्रतिफल नागरिकले पाउने अवस्था आउनेछ । *अन्नपूर्ण पोस्टबाट*

## सम्झनामा ...

थियो । तर आन्दोलनको क्रममा उहाँलाई घरमै नजरबन्द गरियो । गम्भीररूपमा अस्वस्थ्य भएपछि अस्पताल भर्ना भएका सिंहलाई अस्पतालमा नै नजरबन्द गरियो । जनआन्दोलनको सफलतास्वरूप दलहरूमाथिको प्रतिबन्ध फुकुवा (२०४५ साल चैत्र २६ गते) भएपछि चैत्र २७, २०४६ साल काठमाडौंको टुँडिखेलमा आयोजित विशाल जनसभामा ऐतिहासिक सम्बोधन गर्ने सिंहलाई 'फादर अफ डेमोक्रेसी'को रुपमा सम्मानित गरिएको हो । २०४९ सालमा नेपाली काँग्रेसको झापा जिल्लाको कलबलगुडीमा सम्पन्न आठौँ महाधिवेशनमा तत्कालीन प्रधामन्त्री गिरिजाप्रसाद कोइरालासँग उहाको मतभेद हुन पुग्यो । प्रजातन्त्रको संरक्षणका निम्ति जनजागरण अभियानको २०५१ साल नेपाली काँग्रेसको पोखरा महासमितिको बैठकमा पार्टीको सर्वोच्च नेता कायमै रहेको घोषणा गरियो। २०५३ साल वैशाखको नेपाली काँग्रेसको नवौं अधिवेशनमा अनुपस्थित रहेपनि उहालाई महाधिवेशनले पार्टी सर्वोच्च नेताको उच्च सम्मान प्रदान गरिनै रह्यो। २०५३ साल भदौ १० गते धर्मपत्नी मंगलादेवी सिंहको निधनको एक बर्षपछि ८२ वर्षको उमेरमा २०५४ साल असोज २ गते उहाँको निधन भएको थियो । जनआन्दोलन पश्चात राजा बीरेन्द्रको प्रधानमन्त्री बन्ने आग्रहलाई आश्विकार गरी आफ्ना मित्र कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्री बनाएपछि उहाँलाई लौहपुरूषको संज्ञा र उपाधी पनि दिइएको थियो । संघर्ष, निष्ठा, स्वाभिमान र त्यागका प्रतिमूर्ति सिंहको २३ औ स्मृति दिवसले व्यक्तिगत र गुटगत स्वार्थका खातिर गुटका पसलहरू खोल्दै बसेका वर्तमानका उहाँका अनुयायीहरूले सिंहको त्याग, निष्ठा र संघर्षलाई आत्मसात गर्दै प्रजातन्त्र, मुलुक जनता र काँग्रेसको सर्वोपरी हितका लागी खुला र उदार हृदयले सोच्दै सो अनुकुलका प्रवृत्ति, चिन्तन, व्यवहार र पद्धतिलाई आत्मसात गर्ने हो भनेमात्र यथार्थमा सिंह र सिंह जस्ता तमाम दिवंगत नेताहरूलाई सम्झनुको सार्थकता हुन्छ ।

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)